नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
# वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र
ताहाचल, काठमाडौँ, नेपाल
पो.ब.नं. १४३६४, फोन नं. +९७७-१-४५९८०१३/४५९८०१४
इमेल: info@aepc.gov.np

## आ.व. २०८२/८३ मा यस केन्द्र मार्फत कार्यान्वयन हुने जैविक ऊर्जा शाखा मार्फत स्वच्छ ऊर्जा प्रणाली सम्बन्धी कार्यक्रमका लागि घरायसी बायोग्यास प्लान्ट जडानका लागि आवेदन आह्वान सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८२।०८।१५**

**दोस्रो पटक सूचना प्रकाशित मिति : २०८३।०१।०५**

**आवेदन बुझाउने अन्तिम मिति : २०८३।०१।३१ (कार्यालय समयभित्र)**

केन्द्रले विगतदेखि खाना पकाउने स्वच्छ ऊर्जा प्रविधि प्रवर्द्धन तथा जडान गर्ने कार्यक्रम कार्यान्वयन गर्दै आइरहेकोमा चालू आ.व. २०८२/८३ मा समेत उक्त कार्यक्रम कार्यान्वयन गर्ने लक्ष्य लिएको छ। यस केन्द्रद्वारा सञ्चालित कार्यक्रम अन्तर्गत घरायसी बायोग्यास प्लान्ट जडानका लागि आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि दोस्रो पटक सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | कार्यक्रमको विवरण | आवेदन पेश गर्दा चाहिने आवश्यक कागजातहरू |
|---|---|---|
| १. | घरायसी बायोग्यास प्लान्ट जडान | १. आवेदनको ढाँचा (केन्द्रको वेबसाइटबाट प्राप्त गर्न सकिनेछ। जसमा उपभोक्ताको नाम, ठेगाना, जिल्ला, नागरिकता नं., सम्पर्क नम्बर र दस्तखत स्पष्ट रूपमा उल्लेख भएको हुनुपर्ने) ।<br>२. यसभन्दा अगाडि सोही उपभोक्ताको (घरधुरीमा) यस केन्द्र मार्फत घरायसी बायोग्यास प्लान्ट जडानका लागि अनुदान रकम प्राप्त नभएको सुनिश्चितता हुनुपर्ने ।<br>३. सम्बन्धित स्थानीय तहको सिफारिस । |

माथि उल्लिखित घरायसी बायोग्यास प्लान्ट जडान गर्न इच्छुक उपभोक्ताले वा स्थानीय तह मार्फत आवश्यक कागजातहरू संलग्न गरी यस केन्द्रले तयार पारेको निवेदनको ढाँचामा उल्लिखित विवरण सहित सम्बन्धित पालिकाले केन्द्रको कार्यालयमा अथवा इमेल मार्फत आवेदन पेश गर्नुपर्नेछ । उक्त कार्यक्रम नवीकरणीय ऊर्जा अनुदान नीति २०७८ (यस केन्द्रको वेबसाइट **www.aepc.gov.np** मा उपलब्ध) बमोजिम कार्यान्वयन गरिनेछ।

**नोट : आ.ब. २०८२/८३ मा घरायसी बायोग्यास प्लान्ट निर्माण तथा जडान कार्यक्रम कार्यान्वयनका लागि माग सङ्कलन गर्न यो सूचना प्रकाशित भएको व्यहोरा सम्बन्धित सबैका लागि जानकारी गराइन्छ । तर, हरित जलवायु कोषको सहयोगमा सञ्चालित स्वच्छ ऊर्जा कार्यक्रम (CCS) अन्तर्गत केन्द्रसँग MoU भई कार्यान्वयन भइरहेका स्थानीय तहका उपभोक्ताको हकमा भने सोही कार्यक्रमको कार्यान्वयन प्रक्रिया बमोजिम नै हुने व्यहोरा समेत जानकारी गराइन्छ ।**

**यस कार्यक्रम सम्बन्धी सम्पूर्ण जानकारी यस केन्द्रको वेबसाइट www.aepc.gov.np बाट प्राप्त गर्न सकिनेछ ।**